


# सारांश

# काठमाडौंमा घरेलु बाल श्रमिकको रुपमा जीवन

## नेपालको घरेलु क्षेत्रमा काम गर्ने बालबालिकाको प्रक्षेपण, कारक तत्वहरु र अनुभवहरूको खोजी


लेखक:

मार्ता फूर्लान्

रञ्जना शर्मा

**प्रकाशनः**

*समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)*

*श्रम मार्ग, बुद्धनगर, काठमाडौँ*

**सम्पर्कः** +९७७–०१–४७९२२१४, ४७९३८४६

**इमेलः** *info@cwish.org.np*

**वेबसाईटः** *www.cwish.org.np*

**अनुसन्धान टोलीः** मार्ता फूर्लान्
रञ्जना शर्मा
कपिल श्रेष्ठ
पेमा शेर्पा

**चित्रहरुः** मार्ता फूर्लान्
ब्र्योन् लिपिन्कट

**ग्राफिक डिजाइनः** ब्र्योन् लिपिन्कट

**प्रकाशन मितिः**

*साउन २०८२ (जुलाई २०२५)*

**सहयोगः**

# कृतज्ञता ज्ञापन

*हामी यस अनुसन्धान प्रक्रियामा सहभागी भई आफ्नो समय र कथाहरू हामीसँग व्यक्त गर्नु हुने सम्पूर्ण बालबालिकाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । त्यस्तै, अनुसन्धानमा सहभागी भई अध्ययन विषयमा आफ्ना दृष्टिकोण व्यक्त गर्न सहमति जनाउनु भएका रोजगारदाताहरू तथा प्रमुख सूचनादाताहरूलाई पनि धन्यवाद दिन चाहन्छौं । विशेष धन्यवाद ती विद्यालयका प्रधानाध्यापकहरू र शिक्षकहरूलाई, जसले हाम्रो अनुसन्धानमा साथ दिनुभयो र अध्ययन टोलीलाई बालबालिकासँग सम्पर्क गराई तथ्याङ्क संकलन प्रक्रियालाई सहजीकरण गर्नुभयो । सुरक्षित तथा परिचित वातावरणमा उनीहरूसँग अन्तरक्रिया गर्न स्थान उपलब्ध गराउनु भयो । हामी कुलदीप सिंह चौहान, छिरिङ दिक्षित, रुजा पोखरेल प्रति पनि विशेष आभार प्रकट गर्न चाहन्छौं, जसले अनुसन्धान प्रक्रिया भर निरन्तर साथ र सहयोग प्रदान गर्नुभयो । अन्तमा, हामी "फ्री द स्लेभ्स" को अनुसन्धान सल्लाहकार समूहप्रति यस अनुसन्धान परियोजनामा प्रदान गर्नुभएको मार्गदर्शन र अमूल्य सुझावहरूको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।*

**यस अनुसन्धानले नेपालको राष्ट्रिय बाल अधिकार परिषद् (National Child Rights Council) र समाज कल्याण परिषद् (Social Welfare Committee) बाट नैतिक स्वीकृति प्राप्त गरेको छ । फिल्डमा अनुसन्धान कार्य (Approval for fieldwork) को लागि काठमाडौं महानगरपालिका कार्यालय र काठमाडौंको वडा नम्बर १० बाट पनि स्वीकृति प्राप्त गरिएको छ ।**



*तस्वीर - १। काठमाडौंको धनी बस्तीमा रहेको एउटा घर। श्रेय: @Free the Slaves*

# परिचय

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) द्वारा सार्वजनिक गरिएका पछिल्ला अनुमानहरू अनुसार, विश्वभर करिब १ करोड ७२ लाख बालबालिका घरेलु काममा संलग्न छन्, जसमा अधिकांश (६७.१%) बालिकाहरू छन् (ILO 2013a)। यी अनुमानहरू घरेलु सर्वेक्षणमा आधारित छन्, जसले निजी घरभित्र काम गरिरहेका सबै बालबालिकालाई यथार्थ रूपमा समेट्न सक्दैनन् भन्ने तथ्यलाई मध्य नजर गर्दा, वास्तविक सङ्ख्या अझै धेरै हुन सक्छ।

बालबालिकालाई घरेलु क्षेत्रमा काममा लगाउने विभिन्न कारणहरूमा पारिवारिक गरीबी, शिक्षामा पहुँचको अभाव, जातीय तथा सामाजिक बहिष्कार, घरेलु हिंसा र दुर्व्यवहार, विस्थापन र बसाइँसराइ, एक वा दुबै अभिभावकको मृत्यु, तथा ऋण बन्धन (Freedom Fund & NORC 2024a) समावेश छन्। साथै, केही विशिष्ट कारणहरूमा घरेलु सेवाबाट शैक्षिक तथा व्यावसायिक अवसर प्राप्त हुने भ्रम, घरेलु काम विशेष गरी बालिकाहरूका लागि सुरक्षित तथा स्वाभाविक पेसा हो भन्ने विश्वास, शहरी क्षेत्रमा घरेलु कामदारको बढ्दो माग र विद्यमान सामाजिक–सांस्कृतिक अभ्यासहरू (ILO 2013b; Jacquemine 2004) पनि पर्दछन्।

विश्वभरि धेरै घरेलु बाल श्रमिकहरूलाई उनका अभिभावकहरूले काम गर्न प्रेरित गर्ने वा जबरजस्ती गराउने गर्दछन्, भने अन्यलाई बिचौलियाहरूद्वारा काममा ल्याइन्छ (ILO 2002; Human Rights Watch 2012; Freedom Fund & NORC 2024a)। यद्यपि, बालबालिकामा आफैं निर्णय गर्ने अधिकार क्षमता पनि हुन्छ र धेरैजसो अवस्थामा उनीहरू आफै नै राम्रो जीवनको आशामा आफ्ना परिवार छोडेर सहरमा घरेलु श्रमिकको रूपमा काम खोज्ने निर्णय लिन्छन् (Blagbrough 2007)।

जसरी बालबालिका विभिन्न कारण र माध्यमहरूबाट घरेलु श्रममा संलग्न हुन्छन्, त्यसरी नै उनीहरूले घरेलु श्रमिकको रूपमा कार्य गर्न थालेपछि भोग्ने अनुभवहरूमा पनि उल्लेखनीय विविधता पाइन्छ। कतिपय अवस्थामा यो अनुभव सकारात्मक र सशक्तिकरणमुखी हुन सक्छ (Gamlin et al., 2013; Klocker, 2011), भने अन्य अवस्थामा अत्यन्तै शोषणकारी र दुर्व्यवहारपूर्ण हुन सक्छ (Benvegnú et al, 2005; Human Rights Watch, 2012)। सामान्य रूपमा देखिने शोषण र दुर्व्यवहारका रूपहरूमा अत्यधिक लामो समयसम्म काम, पर्याप्त बासस्थान र पोशाकको अभाव, खाना र निद्राबाट वञ्चित गरिनु, मानसिक, शारीरिक तथा यौन दुर्व्यवहार, साथै जोखिमयुक्त वातावरणमा राखिनु जस्ता पक्षहरू पर्दछन्। उल्लेखनीय रुपमा शोषण केवल घरेलु सीमाभित्र मात्र सिमित हुँदैन, यसले घरेलु श्रमिकहरूलाई रोजगारदाताका साना अनौपचारिक व्यवसाय (Jacquemin, 2006), कृषि फार्म (Freedom Fund & NORC, 2024b) तथा सडक व्यापार जस्ता क्षेत्रहरूमा पनि शोषित हुन्छन् (Devatop Center, n.d.)।



*तस्वीर - २ । अन्तरवार्ता सुरु गर्नु अघि सहमति फाराम हेर्दै गरेको एक बालक । श्रेय: @Free the Slaves*

# अनुसन्धानका उद्देश्यहरू

हालको अनुसन्धानको उद्देश्य नेपालमा घरेलु बाल श्रमको वर्तमान वास्तविकता माथि प्रकाश पार्ने र घरेलु क्षेत्रमा कार्यरत बालबालिकाको संरक्षणका लागि प्रभावकारी कार्यक्रमहरू विकास तथा कार्यान्वयन गर्न आवश्यक प्रमाण संकलन गर्नु रहेको थियो ।

***विशेष गरी प्रस्तावित अनुसन्धानका उद्देश्यहरू निम्न थिए:***

- नेपालका शहरहरूमा बालबालिकाले घरेलु क्षेत्रमा प्रवेश गर्ने तरिकाहरू र तस्करहरू, बिचौलियाहरू र रोजगारदाताहरूले खेल्ने भूमिका साथै बालबालिकाको भूमिका पनि समावेश गरी अभिलेखीकरण गर्नु ।

- नेपाली बालबालिकालाई घरेलु क्षेत्रमा तान्ने र धकेल्ने सामाजिक, आर्थिक र सांस्कृतिक कारकहरू र तिनीहरू कसरी आपसमा अन्तरसम्बन्धित छन् र एकअर्कालाई सुदृढ बनाउँछन् भन्ने बारेमा छलफल गर्नु ।

- नेपालका शहरी क्षेत्रहरूमा कार्यरत घरेलु बाल श्रमिकहरूको अनुभवलाई उजागर गर्दै उनीहरूको कार्य र जीवन परिस्थितिको गहिरो मूल्यांकन प्रस्तुत गर्नु । साथै, अहिलेसम्म कुनै पनि अध्ययनले समेट्न नसकेको घरेलु बाल श्रम र अन्य प्रकारका बाल श्रमबीचको अन्तर सम्बन्धलाई पनि खोजी गर्नु ।

# कार्यपद्धति

नेपालमा घरेलु क्षेत्रमा काम गर्ने बालबालिकाको घटना काठमाडौं उपत्यकामा सबैभन्दा बढी प्रचलित भएकोले, यो अनुसन्धान राजधानी शहरका घरेलु बाल श्रमिकहरूमा केन्द्रित थियो ।

काठमाडौंमा घरेलु श्रमिकको रूपमा काम गरिरहेका वा काम गरिसकेका २० जना बालबालिकासँग अन्तर्वार्ता लिइएको थियो । यहाँ, बालबालिकालाई उनीहरू कसरी घरेलु क्षेत्रमा प्रवेश गरे, यो निर्णयलाई कुन कारणले प्रेरित गर्यो र उनीहरूको रोजगारदाताको घरमा बस्ने र सम्भवतः घरभन्दा बाहिर पनि काम गर्ने अनुभवको बिषयमा जानकारी दिन आमन्त्रित गरिएको थियो ।

कार्यशालाको पहिलो भागको उद्देश्य घरेलु बाल श्रमिकहरूको समस्यालाई सामूहिक रूपमा परिभाषित गर्नु र घरेलु श्रमिकको रूपमा उनीहरूका लागि सबैभन्दा महत्त्वपूर्ण मुद्दाहरू पहिचान गर्नु थियो । अनुसन्धानमा बालबालिकाको प्राथमिकता र आवश्यकताहरू पर्याप्त रूपमा प्रतिबिम्बित भएको सुनिश्चित गर्नु पनि अर्को उद्देश्य थियो । कार्यशालाको दोस्रो भाग प्रमाण उत्पादनको लागि छुट्याइएको थियो । यहाँ बालबालिकालाई उनीहरूको "जीवनको नदी" बनाउन भनियो । दोस्रो कार्यशालामा बालबालिकाले समाधान–सोचको (*Solution-thinking*) लागि सँगै काम गरे । उनीहरूले घरेलु बाल श्रमिकहरूलाई सबैभन्दा बढी प्रभाव पार्ने पात्रहरू पहिचान गरे र साना समूहहरू बनाइ सुझावहरू विकास गरे ।

घरेलु बाल श्रमिकका पाँच जना रोजगारदातासँग आधादिनको समूह छलफल (*Focus Group Discussion*) कार्यक्रम सञ्चालन गरिएको थियो । यो विशेष रूपमा किन महत्वपूर्ण रह्यो भने, घरेलु बाल श्रम सम्बन्धी हालसम्मका अध्ययनहरूमा, नेपालभित्र र बाहिर दुबै स्थानमा रोजगारदाताहरूलाई सामान्यतः समावेश गरिएको थिएन । एक काल्पनिक कथा (*fictional story*) को प्रयोग गरी सहभागी रोजगारदाताहरूलाई बालबालिकालाई घरेलु श्रमिकको रूपमा रोजगारी दिने आफ्ना कारणहरू, नेपालमा घरेलु बाल श्रमिकहरूको काम तथा जीवन अवस्थाबारे आफ्ना धारणा, आफ्नै घरमा रहेका घरेलु बाल श्रमिकहरूसँगको सम्बन्ध र नेपालमा यो प्रकारको बाल श्रमलाई परिवर्तन गर्नु आवश्यक छ कि छैन भन्ने विषयमा आफ्ना विचारहरूमा छलफल गर्न आमन्त्रण गरिएको थियो ।

नेपालमा घरेलु बाल श्रमिकको वास्तविकताको ठोस र राम्रोसँग अभिलिखित् ज्ञान भएका १० जना विषय विशेषज्ञहरु (गैरसरकारी संस्था (*NGO*) का कर्मचारी, विद्यालय शिक्षक तथा प्रधानाध्यापकहरू, सरकारी अधिकारीहरू) सँग गहन अन्तर्वार्ता पनि लिइएको थियो । उनीहरूलाई बालबालिका घरेलु क्षेत्रमा कसरी संलग्न हुन्छन् भन्ने कुराको कारणहरू, ती घरेलु बाल श्रमिकहरु कुन अवस्था र परिस्थितिमा बस्छन् र काम गर्छन्, घरेलु कार्यक्षेत्रभन्दा बाहिर उनीहरूको संलग्नता कस्तो छ भन्ने विषयमा र घरेलु श्रमले बालबालिकामा पार्ने प्रभावबारे बोल्न आमन्त्रण गरिएको थियो ।

# काठमाडौंमा घरेलु बाल श्रमिकको रुपमा जीवन

बाल श्रमिकको संलग्नता रोजगारदाताको व्यवसायसँग सम्बन्धित घरेलु क्षेत्र बाहेकका कार्यहरूमा (जस्तै, मदिरा पसल, गलैंचा उद्योग, मासु पसल, हार्डवेयर पसल, सानो कृषि फार्म, लुगा पसल, होस्टेल आदि) वा बालबालिकाले आत्मनिर्भर जीवनयापनका लागि संलग्न हुने व्यवसायिक गतिविधिहरू (जस्तै, क्यान्टिन, पार्टी प्यालेस आदि) सँग देखिने अन्तःसम्बन्ध।

- विद्यालयमा भर्ना गरिएको छ तर अध्ययन गर्न समय छैन
- साथीसँग सम्पर्क छैन
- अत्यन्तै सीमित पारिवारिक सम्पर्क तथा भेटघाट
- लामो समयसम्म काम गर्नुपर्ने
- केही जोखिमपूर्ण कार्यहरू गर्नुपर्ने
- दैनिक आवश्यकताका लागि कुनै तलब वा पैसा उपलब्ध नहुनु
- स्वास्थ्य सेवामा पहुँच नहुनु
- मौखिक दुर्व्यवहार
- कहिलेकाहीँ शारीरिक दुर्व्यवहार पनि हुनु

*सकरात्मक तथा सशक्तिकरणयुक्त*

*बाल श्रम र निकृष्ट प्रकारका बाल श्रमहरु*

## घरेलु बाल श्रम

*गाउँबाट काठमाडौं*

**धकेल्ने कारकहरू**

परिवारभित्र गरीबी, ग्रामीण क्षेत्रहरूमा राम्रो शिक्षाको अवसरको अभाव, लैङ्गिक मान्यता, परिवारभित्र मदिरा सेवन, आमाबाबु मध्ये एक वा दुवैको मृत्यु, घरेलु हिंसा

\+

**तान्ने कारकहरू**

शहरी मध्यम–उच्च वर्गको बृद्धि, सस्तो घरेलु कामदारको माग, काठमाडौंमा जीवनको आकर्षण, घरेलु काममा ठूला दाजुभाई दिदीबहिनीहरू

***अभिकर्ताहरू (Agents)***

आमाबाबु, ठूला आफन्तहरू (जस्तै, काकी, काका), दाजुभाइ दिदीबहिनी, मध्यस्थकर्ता (जस्तै, गुरु, छिमेकी), गाउँमा चिनजान भएका काठमाडौंका रोजगारदाताहरू, बालबालिका आफैं

हाल काठमाडौँमा घरेलु श्रमिकको रूपमा काम गर्ने बालबालिका देशका ग्रामीण क्षेत्रका गाउँहरूबाट आउँछन् । ती बालबालिका शहरसम्म पुग्ने प्रक्रियाहरु भर्ना प्रक्रियामा संलग्न विभिन्न व्यक्तिहरुबाट प्रभावित हुन्छन् । यसमा अभिभावकहरूको भूमिका महत्वपूर्ण हुन्छ – किनभने या त उनीहरूले आफ्ना छोराछोरीका लागि सक्रिय रुपमा रोजगारी खोज्छन् वा कुनै रोजगारीको प्रस्ताव स्वीकार गर्छन् । त्यस्तै, काका, मामा, दाई, दिदी, हजुरबुबा, हजुरआमाजस्ता अन्य नातेदारहरूले पनि यस प्रक्रियामा भूमिका खेल्न सक्छन् । अनुसन्धानले यो पनि उजागर गरेको छ कि बिचौलिया, रोजगारदाता तथा बालबालिका स्वयंले पनि यो प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने गर्छन् । वास्तवमा, धेरैजसो बालबालिका रोजगारीका अवसर खोजेर वा स्वीकार गरेर सक्रिय रूपमा यो प्रक्रियामा सहभागी हुने गर्दछन् ।

सामान्य 'धकेल्ने' र 'तान्ने' कारणहरूमा गाउँमा पर्याप्त गुणस्तरीय शिक्षाको अभाव, गरीबी, परिवारमा मद्यपानको समस्या, घरेलु हिंसा, एक वा दुबै अभिभावकहरूको मृत्यु (वा परित्याग), अभिभावकहरूको बहु–विवाह र घरेलु कामलाई छोरीहरुले भविष्यमा गर्ने पारिवारिक दायित्व सिक्ने माध्यमका रूपमा हेर्ने सामाजिक–सांस्कृतिक मान्यताहरू पर्छन् । धेरैजसो बालबालिका तथा उनका अभिभावकहरूले काठमाडौंलाई शिक्षा र पेशागत अवसरहरू प्रदान गर्ने सहरका रूपमा लिन्छन्, जसले जीवनको गुणस्तर सुधार्न सहयोग पुर्याउँछ । यसका साथै परिवारका कोही युवा सदस्यहरू—जस्तै दाई भाई वा दिदीबहिनीहरू पहिल्यै सहरमा कार्यरत रहेको अवस्थामा काठमाडौंको आकर्षण अझ बढ्दो देखिन्छ । त्यसैगरी नेपालको शहरी मध्य–उच्च वर्गको बृद्धि तथा सस्तो घरेलु श्रम शक्तिको बढ्दो माग (जसलाई आवश्यकता र सामाजिक प्रतिष्ठाको प्रतीक दुवैका रूपमा लिने गरिन्छ) ले ग्रामीण पृष्ठभूमिका बालबालिकालाई राजधानी प्रवेश गर्ने सजिलो अवसर उपलब्ध गराइरहेको हुन्छ ।


रोजगारदाताको घरमा सरेपछि, घरेलु बाल श्रमिकहरूले प्रायः नियमित रूपमा विद्यालय जान पाउँछन्, जुन विगत एक दशकमा नेपालका घरेलु बाल श्रमिकहरूको जीवनमा आएको सबैभन्दा ठुलो सुधार हो । तथापि तिनीहरू प्रायः घरको कामका कारण विद्यालय ढिलो पुग्ने गर्छन्, कहिलेकाहीँ काम गर्न कक्षा छोड्छन् र पढ्न तथा गृहकार्य गर्न पर्याप्त समय पाउँदैनन् । दुःखद कुरा के छ भने शिक्षकहरूले सधैँ ती बालबालिकाको परिस्थितिलाई बुझ्ने प्रयास गर्दैनन् र उनीहरूलाई आफ्नो अवस्था बारेमा कुरा गर्न सक्ने स्थान पनि प्रदान गर्दैनन्, जसले गर्दा ती बालबालिकाको एक्लोपना र अलग्याउने काममा योगदान पुर्याउँछ । त्यस्तैगरी धेरैजसो बालबालिकाले आफ्ना साथीहरूसँग आफ्नो जीवनबारे खुलस्त बोल्न चाहँदैनन् । वास्तवमा अधिकांश घरेलु बाल श्रमिकहरूको घनिष्ठ मित्रता हुँदैन, जुन कुराको मुख्य कारण भनेको रोजगारदाताहरूले तिनीहरूलाई साथीसँग घुम्न निषेध गर्ने तथ्यसँग सम्बन्धित छ ।

अझ नाटकीय कुरा के छ भने धेरै घरेलु बाल श्रमिकहरूको आफ्नो मूल परिवारसँग कहिलेकाहीँ (छिटपुट) मात्र सम्पर्क हुन्छ । धेरैजसो बालबालिका बिदाको समयमा वर्षमा एक पटक मात्र आफ्ना आमाबाबुलाई भेट्न पाउँछन् । कतिपयलाई त्यो स्वतन्त्रता पनि हुँदैन । यसको कारणहरूमा बिदाको समयमा रोजगारदाताहरूकोमा पाहुना हुने र बालबालिकालाई बढी घरकै काम गर्नुपर्ने आवश्यकता वा रोजगारदाताहरू विदेशमा हुँदा, बिदाको समयमा बालबालिकाले घरको सुरक्षा गर्नुपर्ने आवश्यकता समावेश हुन सक्छ ।

आफ्ना रोजगारदाताको घरमा काम गर्ने घरेलु बाल श्रमिकहरूको दिन लामो र कठिन हुन्छ । घरेलु काममा सामान्यतः रोजगारदाताका बालबालिकाको हेरचाह गर्नु, बजार गई आवश्यक सामग्री किन्नु, खाना पकाउनु र पस्कनु, भाँडा माझ्नु, लुगा धुनु, घर सफा गर्नु आदि समावेश हुन्छ । केही बालबालिका भने आफ्नो उमेर अनुसार उपयुक्त नहुने जोखिमयुक्त काममा पनि संलग्न हुन्छन् जस्तै अत्यधिक भार बोक्ने । उल्लेखनीय कुरा के छ भने त्यहाँ यस्ता बालबालिका पनि छन् जस्ले रोजगारदाताका आफन्तको घरमा वा उनीहरूको व्यापार व्यवसायमा पनि काम गर्छन् जस्तै सामान ओसारपसार गर्ने, ग्राहकहरूको हेरचाह गर्ने, पसलको निगरानी गर्ने आदि । अन्य बालबालिका केही पैसा कमाउन रातीको समयमा पार्टी प्यालेस (प्रायः वयस्क मनोरञ्जन क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू आयोजना गरिने स्थान) मा काम गर्छन् ।

वास्तवमा घरेलु काममा संलग्न हुने भएकाले, धेरैजसो बालबालिकाले गरेको कामको कुनै पारिश्रमिक पाउँदैनन् । केहि रोजगारदाताहरूले आफ्ना घरेलु बाल श्रमिकहरूलाई बिदाको समयमा आफ्नो परिवारलाई भेट्न जाँदा बढीमा भत्ता दिन्छन् । यस्तै गरी धेरैजसो बालबालिकाले रोजगारदाताबाट आफ्नो दैनिक आवश्यकताको लागि कुनै पैसा पाउँदैनन् । यद्यपि अधिकांश बालबालिकाले उचीत खाना र सुत्ने व्यवस्था प्राप्त गरिरहेका देखिन्छन् । तर यसको विपरीत स्वास्थ्य सेवाको अवस्थामा भने निकै खराब स्थिति देखिन्छ, किनकि बालबालिका बिरामी पर्दा पनि तिनीहरूलाई डाक्टर कहाँ वा अस्पतालमा ल्याइँदैन र तिनीहरूले सामान्य रूपमा काम गर्नुपर्छ ।

रोजगारदाताको घरमा बस्दा अधिकांश बालबालिकाको रोजगारदातासँग नकारात्मक सम्बन्ध हुन्छ जुन रोजगारदाताले उनीहरू प्रति गर्ने नराम्रो व्यवहारको कारणले हुन्छ । यो प्रायः गाली र मौखिक दुर्व्यवहारको रूपमा हुन्छ तर केही बालबालिकाको हकमा यो धम्की र कुटपिटसम्म पुग्ने गर्छ । यस्ता परिस्थितिमा बालबालिका माझ उदासी, घरको याद र एक्लोपनाका भावना सामान्य हुन्छन् ।




*तस्बीर - ३ । काठमाडौं हुँदै गइरहेको साँघुरो सडक । श्रेय: @Free the Slaves*

# सुझावहरु

*माथिका निष्कर्षहरूको आधारमा, केही लक्षित सुझावहरु तल प्रस्तुत गरिएका छन् ।*

## नेपाल सरकारको लागि सुझावहरु

### ग्रामीण क्षेत्रहरूमा शिक्षामा थप स्रोतहरू लगानी गरियोस्

धेरैजसो बालबालिकाको आफ्नो गाउँमा राम्रो शिक्षा उपलब्ध नभएकोले, त्यसैको आशामा उनीहरु घरेलु बाल श्रमिकको रूपमा काम गर्न काठमाडौं जाने गर्दछन् । ग्रामीण क्षेत्रहरूमा राम्रो विद्यालय प्रणालीको विकासमा लगानी गर्नाले बालबालिकाले आफ्नो परिवारसँगै बसी सन्तोषजनक ज्ञान प्राप्त गर्न सक्नेछन् । यसमा सबै बालबालिका सजिलै र सुरक्षित रूपमा नजिकको विद्यालयमा पुग्न सकुन् भन्ने कुरा सुनिश्चित गर्न अझ राम्रो यातायात र सञ्चार प्रणाली (जस्तै सडक) मा लगानी पनि समावेश हुनुपर्छ ।

### ग्रामीण क्षेत्रमा धेरै र राम्रा रोजगारीका अवसरहरू सिर्जना गरियोस्

गरीबी एक अर्को कारण हो जसले धेरै परिवारहरूलाई आफ्ना छोराछोरीलाई काठमाडौंमा काममा पठाउन बाध्य पार्ने गर्दछ । त्यसैले नेपालको ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्नाले परिवारहरूलाई आफ्ना छोराछोरीहरूको पालनपोषण गर्न सक्षम बनाउनेछ । उनीहरूलाई सम्पन्न शहरी परिवारहरूको हेरचाहमा राख्नुपर्ने आवश्यकतालाई हटाउनेछ । प्रत्येक ग्रामीण क्षेत्रलाई आर्थिक विकासको लागि आफ्नै योजनाको आवश्यकता पर्ने भएतापनि यस सन्दर्भमा उदाहरणहरूमा किसानहरूलाई उन्नत कृषि प्रविधिहरूमा तालिम र कृषि अनुदानको सुधारिएको प्रणाली मार्फत सहयोग गर्न सकिन्छ ।

### घरेलु श्रम सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धि १८९ लाई अनुमोदन गरियोस् र घरेलु क्षेत्रमा मर्यादित काम सम्बन्धी नियमहरू लागू गरियोस् जसले त्यहाँ कार्यरत बालबालिकालाई सुरक्षा प्रदान गर्दछ

यसमा रोजगारदाताहरूको लागि आचारसंहिता विकास गर्ने र लागू गर्ने समावेश हुनेछ जसले बालबालिकाको लागि उपयुक्त जीवनयापन अवस्था परिभाषित गर्ने, दुर्व्यवहार, उपेक्षा र शोषणलाई निषेध गर्ने, बालबालिकाको लागि अनुमति योग्य घरेलु कामहरू सूचीकृत गर्ने, अधिकतम कार्य घण्टा निर्धारण गर्ने, स्कुल भर्ना तोक्ने, न्यूनतम ज्याला निर्धारण गर्ने र भुक्तानीका सर्तहरूलाई परिभाषित गर्दछ ।

### वडास्तरका सरकारी अधिकारीहरूलाई आफ्नो वडाभित्र बाल घरेलु श्रमका घटनाहरू कसरी पहिचान, अनुगमन र सम्बोधन गर्ने भन्ने बारेमा तालिम दिइयोस्

तालिम कार्यक्रममा:

(क) बाल श्रम र घरेलु बाल श्रमका विषयमा बुझाई

(ख) वडास्तरमा घरेलु बाल श्रमिकहरूको रेकर्ड राख्ने

(ग) माथि छलफल गरिएको आचारसंहिताको विषयवस्तु अनुरूप घरेलु बाल श्रमिकहरूको अवस्थाको बारेमा आवधिक र जानकारी नदिइ अनुगमन भ्रमणहरू सञ्चालन गर्ने र

(घ) शोषणको अवस्थामा पाइएका घरेलु बाल श्रमिकहरूलाई उद्धार गरी बाल गृहमा राख्ने र पारिवारिक पुनएकीकरणको उपयुक्ततालाई विचार गर्ने मोड्युलहरू समावेश हुनेछन् ।

## *घरेलु बाल श्रमिकहरुका रोजगारदाताहरुको लागि सुझावहरु*

### आफ्नो घरमा काम गर्ने बालबालिकालाई राम्रो जीवन र काम गर्ने अवस्था प्रदान गरियोस्

विगत केही बर्षयता रोजगारदाताहरूले घरेलु बाल श्रमिकहरुलाई विद्यालयमा भर्ना गराउने अत्यन्त महत्वपूर्ण कदम चालेका छन् । यो एक प्रशंसनीय सुधार भएतापनि घरेलु बाल श्रमिकहरूलाई सम्मानजनक जीवन र कार्य अवस्था सुनिश्चित गर्न अझ धेरै कार्य गर्न आवश्यक छ । यसमा बिरामी हुँदा बालबालिकालाई स्वास्थ्य सेवामा पहुँच उपलब्ध गराउने, बालबालिकालाई अध्ययन गर्न र गृहकार्य गर्न पर्याप्त समय दिने, दैनिक विश्रामको समय सुनिश्चित गर्ने, बालबालिकालाई साथीहरूसँग भेट्न दिने, बालबालिकालाई आफ्नो परिवारसँग टेलिफोनमा कुरा गर्न दिने र वर्षमा कम्तिमा एकपटक परिवारसँग भेट गर्न अनुमति दिने, बालबालिकालाई परिवारको सदस्य झैँ माया र सम्मानका साथ व्यवहार गर्ने, शारीरिक र मौखिक दुर्व्यवहारबाट टाढा राख्ने समावेश छन् ।

### बाल घरेलु कामदारहरूको राम्रो अवस्थाको लागि साथीहरूसँग पैरवी गरियोस्

माथि सुझाव गरिएअनुसार व्यवहार गरिरहेका रोजगारदाताहरू (यो अनुसन्धान अनुसार यस्ता रोजगारदाताहरू अल्पसंख्यक छन्) ले घरेलु बाल श्रमिकहरूलाई रोजगारीमा राखिरहेका आफ्ना आफन्त तथा साथीहरूलाई पनि त्यस्तै व्यवहार गर्न प्रोत्साहित गर्नु पर्छ । वास्तवमा साथी–साथीको दबाब (Peer-to-peer pressure) ले व्यवहार र मान्यतामा सकारात्मक परिवर्तन ल्याउन अत्यन्तै प्रभावकारी भूमिका खेल्न सक्छ ।

## *घरेलु बाल श्रमिकहरुका अभिभावकहरुको लागि सुझावहरु*

### काठमाडौँमा बालबालिकालाई प्रतिक्षा गरिरहेको वास्तविकता बारेमा थप जानकारी संकलन गरियोस्

आफ्ना बालबालिकालाई अरूको घरमा काम गर्न पठाउनु बाहेक अरू विकल्प नभएका अभिभावकहरूले बालबालिकालाई काठमाडौँ लैजाँदा रोजगारदातालाई व्यक्तिगत रूपमा भेट्न, बालबालिका बस्ने घर हेर्न र उनीहरूले जाने विद्यालयको अवलोकन गर्नुपर्छ ।

### काठमाडौंमा रहेका आफ्ना छोराछोरीको अवस्थाबारे निगरानी गरियोस्

अभिभावकहरूले फोन सम्पर्क वा भेटघाटमार्फत आफ्ना छोराछोरीको निरन्तर सुख–सुविधाको अवस्था सुनिश्चित गर्न अनुगमन गर्नुपर्छ । जब फोन सम्पर्क वा भेटघाट सम्भव नहुने अवस्थामा काठमाडौंमा रहेका भरपर्दा आफन्त (दाजुभाई, दिदीबहिनी, काकाकाकी, मामा माइजु, फुपु, माइती) लाई सो कार्यका लागि परिचालन गर्नुपर्छ ।

## घरेलु बाल श्रमिकहरुका शिक्षकहरुको लागि सुझावहरु

### घरेलु बाल श्रमिकहरूको अवस्था बुझिदिनुहोस्

घरेलु बाल श्रमिकहरू पढ्ने विद्यालयहरूमा कार्यरत शिक्षकहरूले ती बालबालिकाको विशिष्ट परिस्थिति र आवश्यकताहरू पहिचान गर्ने प्रयास गर्नुपर्छ। जब घरेलु बाल श्रमिकहरू विद्यालय ढिलो आउँछन् वा अपूर्ण गृहकार्य लिएर आउँछन् शिक्षकहरूले बुझिदिने र सहयोग प्रदान गर्नुपर्छ।

### बालबालिकालाई उनीहरूको यथार्थताको बारेमा कुरा गर्न सुरक्षित स्थान प्रदान गरियोस्

बालबालिकाको जीवनमा प्रमुख वयस्क पात्रको रूपमा शिक्षकहरूले बालबालिकालाई उनीहरूको जीवनको बारेमा कुरा गर्न सुरक्षित वातावरण सिर्जना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। यसले शिक्षकहरूलाई चिन्ताजनक अवस्थाहरू (जस्तैः दुर्व्यवहार) पहिचान गर्न र सम्बन्धित बालबालिकालाई समयमै सहायता प्रदान गर्न समेत सहयोग पुर्याउन सक्छ।

### विद्यार्थीहरूलाई घरेलु बाल श्रममा संलग्न साथीहरूप्रति सम्मान र सम्वेदना देखाउन सिकाउनुहोस्

अन्य विद्यार्थीहरूको अगाडि कहिल्यै पनि कसैलाई घरेलु बाल श्रमिकको रूपमा उजागर नगरी, शिक्षकहरूले नेपालमा बाल श्रमको वास्तविकताको बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुपर्छ र उनीहरूलाई यस्तो अवस्थामा परेका बालबालिकाप्रति संवेदनशीलता र करुणा देखाउन प्रोत्साहन गर्नुपर्छ।

### अन्य शिक्षकहरूलाई बालबालिकाको अधिकारमा काम गर्ने संस्थाहरूसँग सहकार्य गर्न प्रोत्साहित गरियोस्

पहिले नै बाल अधिकार संस्थाहरूसँग संलग्न रहेका विद्यालय प्रधानाध्यापकहरु र शिक्षकहरूले बालबालिकाको लागि अझ बिस्तृत र प्रभावकारी सहयोग प्रणाली सिर्जना गर्ने उद्देश्यले अन्य सार्वजनिक विद्यालयहरूमा आफ्ना सहकर्मीहरूलाई पनि त्यसै गर्न प्रोत्साहित गर्नुपर्छ।



*तस्बीर - ४ । बाल घरेलु कामदारहरूले पढ्ने काठमाडौंको एउटा सरकारी विद्यालय । श्रेयः @Free the Slaves*

## बाल अधिकारमा काम गर्ने संस्थाहरुको लागि सुझावहरु

- काठमाडौंमा बालबालिकाको जीवन उनीहरुले सामना गर्ने कामको अवस्थाको बारेमा ***घरेलु बाल श्रमिकको अभिभावकहरूमा चेतना जगाउने उद्देश्यले पैरवी अभियानहरू संचालन गरियोस् ।*** यो साप्ताहिक रेडियो कार्यक्रमका साथै पर्चा, पोस्टर र सामुदाय बैठकहरू मार्फत गर्न सकिन्छ ।

- ***घरेलु बाल श्रमिकहरूले पढ्न नेपालका सार्वजनिक विद्यालयहरूमा सचेतना कार्यक्रमहरू संचालन गरियोस्*** जसले गर्दा बालबालिकालाई नेपालको कानून अन्तर्गत उनीहरूको अधिकारको बारेमा जानकारी पाउँछन् । आवश्यक परेमा सहयोग र सहायता प्राप्त गर्न उपलब्ध तरिकाहरू (जस्तै बाल हेल्पलाइन वा सम्बन्धित संस्थाहरूको ठेगाना) मार्फत मार्गदर्शन दिनुहोस् ।

- ***विद्यालय स्तरमा घरेलु बाल श्रमिकहरूलाई आपसी सहयोग समूहहरू सिर्जना गर्न सहयोग गरियोस्*** जस मार्फत बालबालिकाले आफ्ना अनुभवहरू साट्न, दृष्टिकोणहरू आदानप्रदान गर्न र एकअर्कालाई सहयोग गर्न सक्छन् ।

- ***घरेलु बाल श्रमिकहरुको रोजगारदाताहरू र उनीहरूका परिवारलाई लक्षित गरी प्रवृत्ती र व्यवहार परिवर्तन सम्बन्धी अभियानहरू सञ्चालन गरियोस्*** यस सम्बन्धमा रोजगारदाताहरूसँग छिमेक स्तरीय (neighborhood-level) बैठकहरू, पोस्टर अभियानहरू, मासिक न्यूजलेटरहरू र टेलिभिजन केही उदाहरणहरू हुन सक्छन् । घरेलु बाल श्रमिकहरु कार्यरत घरपरिवारका बालबालिकालाई लक्षित गर्दै निजी विद्यालयहरूमा पनि यस्तै अभियानहरू संचालन गर्न सकिन्छ ।



*तस्वीर - ५ । कार्यशालाको क्रममा चित्र बनाउँदै गरेका बाल घरेलु कामदारहरू । श्रेय: @Free the Slaves*

## *दातृ निकायहरुको लागि सुझावहरु*

### घरेलु बाल श्रमिकहरूको यथार्थतामा थप अध्ययनहरूको लागि सहयोग गरियोस्

यो अध्ययन काठमाडौँमा मात्र सीमित थियो तर पोखरा र विराटनगर जस्ता नेपालका अन्य शहरहरूमा पनि घरेलु बाल श्रमिकहरू छन् । भारतमा घरेलु बाल श्रमिकको रूपमा काम गर्न लगिएका नेपाली बालबालिका पनि छन् । दातृ निकायहरूले यी बालबालिकाको वास्तविकता अन्वेषण गर्ने र घरेलु बाल श्रमको थप विस्तृत तस्वीरमा योगदान पुर्याउने अध्ययनहरूलाई सहयोग गर्नुपर्छ । यसैगरी दातृ निकायहरूले यस प्रतिवेदनले प्रस्तुत गरेको ज्ञान आधारलाई विस्तार गर्ने उद्देश्यले थप रोजगारदाताहरूलाई अनुसन्धानमा समावेश गर्ने र नेपाली शहरी परिवारहरूले बालबालिकालाई आफ्ना घरमा काम गर्न कसरी लगाउछन् भन्ने प्रक्रियालाई अझ विस्तृत रूपमा स्पष्ट गर्ने अध्ययनहरूलाई पनि सहयोग गर्नुपर्छ ।

### घरेलु बाल श्रमिकहरूमा पैरवी अभियानहरूलाई सहयोग गरियोस्

बाल अधिकार सम्बन्धी काम गर्ने संस्थाहरूले घरेलु बाल श्रमिकहरूको वास्तविकताबारे चेतना अभिवृद्धि गर्न र तिनीहरुप्रति व्यवहार तथा दृष्टिकोणमा परिवर्तन ल्याउने प्रयासहरूमा दातृ निकायहरूले तिनीहरूलाई आवश्यक सहयोग प्रदान गर्नुपर्छ । यसमा बालबालिकाको आफ्नौ परिवार, काठमाडौंका रोजगारदाता, विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरू साथै सरकारी अधिकारीहरूलाई लक्षित गर्दै सञ्चालित पैरवी अभियानहरू समेत समावेश छन् ।

### घरेलु बाल श्रमिकहरूको लागि प्रत्यक्ष सहयोग प्रयासहरूमा लगानी गरियोस्

यस अध्ययनको क्रममा हामीले केही घरेलु बाल श्रमिकहरूमाथि भएको दुर्व्यवहार र वेवास्ताका घटनाहरू फेला पार्यौं । यो वास्तविकताको सामना गर्दा हामीले ती घटनाहरूलाई तुरुन्त सम्बोधन गर्न, सम्बन्धित बालबालिकालाई तत्काल सहयोग प्रदान गर्न, ती चिन्ताजनक अवस्थाहरू अन्त्य गर्न र बालबालिकालाई सुरक्षित वातावरणमा राखी उनीहरूको सुस्वास्थ्य सुनिश्चित र अनुगमन गर्न स्रोतहरूको परिचालन गर्यौं । यद्यपि यस अनुसन्धानमा उजागर गर्न नसकिएका धेरै यस्ता दुर्व्यवहार र वेवास्ताका घटनाहरू अझै पनि विद्यमान हुन सक्ने सम्भावना छ । त्यसैले दातृ निकायहरूले चिन्ताजनक अवस्थाहरूमा रहेका बालबालिकाको पहिचान गरी तिनीहरूलाई ती अवस्थाबाट हटाई, उनीहरूलाई उपयुक्त आवास तथा मानसिक–सामाजिक सहयोग उपलब्ध गराउने उद्धार तथा पुनर्स्थापना प्रयासहरूमा आफ्नो सहयोग प्रदान गर्नु आवश्यक छ ।

# सन्दर्भहरू सामग्रीहरु :


*Benvegnú, L.A. et al. (2005). Work and Behavioral Problems in Children and Adolescents. International Journal of Epidemiology, 34(6): 1417-1424. https://doi.org/10.1093/ije/dyi187.*

*Blagbrough, J. (2007). They Respect Their Animals More. London: Anti-Slavery International. https://resourcecentre.savethechildren.net/pdf/4615.pdf/.*

*Devatop Center (n.d.). Overview of Human Trafficking. https://www.devatop.org/human-trafficking//*

*ILO (2013a). Child Domestic Work Global Estimates 2012. https://www.ilo.org/publications/child-domestic-work-global-estimates-2012.*

*ILO (2013b). Focus on Child and Adolescent Domestic Workers in Delhi and Ranchi, India. file:///Users/martafurlan/Downloads/03_India_Convergence_Child_Domestic_Workers_FINAL_20160525%20(1).pdf.*

*ILO (2002). El Salvador Trabajo Infantil Domestico. https://www.ilo.org/es/publications/el-salvador-trabajo-infantil-domestico-una-evaluacion-rapida.*

*Freedom Fund & NORC (2024a). Behind Closed Doors: Measuring the Scale and Nature of Exploitative Child Domestic Work in Nigeria, February. https://www.norc.org/content/dam/norc-org/pdf2024/behind-closed-doors-nigeria.pdf.*

*Freedom Fund & NORC (2024b). Behind Closed Doors: Measuring the Scale and Nature of Exploitative Child Domestic Work in Liberia. February. https://www.freedomfund.org/news/behind-closed-doors-liberia/.*

*Gamlin, J. et al. (2013). Is Domestic Work a Worst Form of Child Labour? The Findings of a Six-Country Study of the Psychosocial Effects of Child Domestic Work. Children's Geographies, 13(2): 212-225, https://doi.org/10.1080/14733285.2013.829660.*

*Human Rights Watch (2012). Lonely Servitude: Child Domestic Labor in Morocco. https://www.hrw.org/report/2012/11/15/lonely-servitude/child-domestic-labor-morocco.*

*Jacquemin, M.Y. (2006). Can the Language of Rights get Hold of the Complex Realities of Child Domestic Work? The Case of Young Domestic Workers in Abidjan, Ivory Coast. Childhood, 13(3):389-406. https://doi.org/10.1177/0907568206066358.*

*Jacquemine, M.Y. (2004). Children's Domestic Work in Abidjan, Cote d'Ivoire: The Petites Bonnes Have the Floor. Childhood, 11(3): 383-97. https://doi.org/10.1177/0907568204044889.*

*Klocker, N. (2011). Negotiating Change: Working with Children and Their Employers to Transform Child Domestic Work in Iringa, Tanzania. Children's Geographies, 9(2): 205-220. https://doi.org/10.1080/14733285.2011.562381.*

FREE THE SLAVES

CWISH